**आकाशवाणी समाचार- नेपाली**

**मितिः २६ अगष्ट २०२६**

**समयः ०७:२५ - ०७:३५ बजे** (*अवधिः १० मिनट*)

**<u>प्रमुख समाचार</u>**

- प्रधानमन्त्री नरेन्द्र मोदीले सेवा तीर्थमा प्रगति मञ्चको 53 औँ बैठकको अध्यक्षता गर्नु भयो।

- गृहमन्त्री अमित शाहले भारतलाई हरेक क्षेत्रमा नेतृत्वदायी भूमिका निर्वाह गर्न सक्षम बनाउन देशको आन्तरिक सुरक्षा अझ बलियो बनाउनुपर्ने बताउनु भएको छ।

- वित्तमन्त्री निर्मला सीतारमण 25 अगस्ट देखि 2 सेप्टेम्बर सम्म क्यानडा र अमेरिकाको नौदिने भ्रमणको क्रममा क्यानाडा पुग्नु भएको छ ।

- भारत र चीनले **सीमा क्षेत्रमा शान्ति र स्थिरता कायम राख्नुको महत्व**मा जोड दिएका छन्। दुवै देशले यसबाट द्विपक्षीय सम्बन्धको विकास र प्रगतिलाई बढावा पुग्ने बताएका छन्।

- राष्ट्रिय परीक्षण एजेन्सीको सुधार सम्बन्धी संसदीय समितिले सर्वसम्मतिले मस्यौदा प्रतिवेदनलाई अनुमोदन गरेको छ।

**<u>प्रधानमन्त्री–प्रगति</u>**

प्रधानमन्त्री नरेन्द्र मोदीले सेवा तीर्थमा प्रगति मञ्चको 53 औँ बैठकको अध्यक्षता गर्नु भयो। उहाँले ठूला परिवहन तथा पूर्वाधार परियोजनाको योजना बनाउँदा सम्भव भएसम्म विद्युत्, जल तथा अन्य सेवाका लागि साझा करिडोर विकास गर्नुपर्ने बताउनु भयो । प्रधानमन्त्री मोदीले परियोजनाहरू छिटो सम्पन्न गर्ने क्रममा गुणस्तरमा कुनै सम्झौता गर्न नहुने बताउनु भयो । उहाँले आधुनिक तकनीक, प्रभावकारी निगरानी तथा केन्द्र र राज्यबीच बलियो समन्वयमा जोड दिनु भयो । बैठकमा नौ राज्यसँग सम्बन्धित रेलवे, सडक र विद्युत् क्षेत्रका 6 वटा प्रमुख परियोजनाको समीक्षा गरिएको थियो। यी परियोजनाहरूको कुल लागत तीस हजार करोड रुपियाँ भन्दा अधिक रहेको छ। श्री मोदीले कृषि क्षेत्रको डिजिटल डेटा प्लेटफर्म एग्रीस्ट्याकमा आर्टिफिशियल इंटेलिजेंस (AI) तथा डिजिटल आर्टिफिशियल इंटेलिजेंस को अझ प्रभावकारी प्रयोग गर्नुपर्ने बताउनु भयो, ताकि किसानहरूले अझ राम्रो सेवा प्राप्त गर्न सकून्।
त्यसैगरी, साइबर धोखाधड़ी र डिजिटल गिरफ्तारीका घटनाबारे प्रधानमन्त्रीले जनचेतना अभियान, प्रशिक्षण तथा सुरक्षित डिजिटल व्यवहारलाई बढावा दिनुपर्नेमा जोड दिनु भयो। विशेषगरी ज्येष्ठ नागरिक र युवाहरूलाई साइबर ठगीबाट जोगाउन निरन्तर जनचेतना अभियान सञ्चालन गर्नुपर्ने बताउनु भयो ।

**<u>अमित शाह – सुरक्षा रणनीति सम्मेलन</u>**

गृहमन्त्री अमित शाहले भारतलाई हरेक क्षेत्रमा नेतृत्वदायी भूमिका निर्वाह गर्न सक्षम बनाउन देशको आन्तरिक सुरक्षा अझ बलियो बनाउनुपर्ने बताउनु भएको छ। नयाँ दिल्लीमा राष्ट्रिय सुरक्षा रणनीति सम्मेलनको समापन सत्रलाई सम्बोधन गर्दै उहाँले सन् 2047 सम्म विकसित भारतको लक्ष्य हासिल गर्न बलियो आन्तरिक सुरक्षा आवश्यक रहेको बताउनु भयो । श्री शाहले लागुऔषध, नक्सलवाद र पूर्वोत्तरको सुरक्षा चुनौतीका विषयमा सरकारले प्रभावकारी कदम चालेको बताउनु भयो । उहाँले आगामी पन्ध्र देखि बीस वर्षमा आउन सक्ने सम्भावित चुनौतीहरू पहिचान गरी समयमै रोकथाम गर्ने रणनीति बनाउनुपर्नेमा जोड दिनु भयो। गृहमन्त्रीले आगामी एक वर्षभित्र तीनवटा नयाँ आपराधिक कानुन पूर्ण रूपमा कार्यान्वयन गर्ने लक्ष्य रहेको बताउनु भयो। उहाँले राज्यहरूलाई लागुऔषध विरुद्धको अभियान अझ तीव्र बनाउन तथा सुरक्षा क्षेत्रमा कृत्रिम

बुद्धिमत्ता (AI) को प्रयोगमा जोड दिन आग्रह गर्नु भयो । श्री शाहले सरकारको लक्ष्य सुरक्षित, घुसपैठ मुक्त र नशामुक्त भारत निर्माण गर्नु रहेको बताउनु भयो ।

## क्यानडा–सीतारमण

वित्तमन्त्री निर्मला सीतारमण 25 अगस्ट देखि 2 सेप्टेम्बर सम्म क्यानडा र अमेरिकाको नौदिने भ्रमणमा हुनु हुन्छ । यस भ्रमणको उद्देश्य व्यापार तथा लगानीसम्बन्धी सम्बन्धलाई थप सुद्रिड बनाउनु हो। क्यानडाको चारदिने भ्रमणका क्रममा उहाँले क्यानडाका वित्तमन्त्री फ्राँस्वा–फिलिप श्याम्पेन सित पहिलो आर्थिक तथा वित्तीय वार्तामा सहभागिता जनाउनु हुनेछ । वार्तामा आर्थिक विकास, वित्तीय क्षेत्रमा सहकार्य तथा द्विपक्षीय लगानीका अवसरबारे छलफल हुनेछ। वित्तमन्त्रीले ऊर्जा, कृत्रिम बुद्धिमत्ता (AI) तथा दुर्लभ खनिजजस्ता क्षेत्रमा कार्यरत प्रमुख उद्योगपतिहरू सित हुने लगानी सम्बन्धी बैठकमा पनि सहभागिता जनाउनु हुनेछ । अमेरिका भ्रमणका क्रममा उहाँले शिकागो, एशभिल र न्यूयोर्कको भ्रमण गर्नु हुनेछ। वित्तामंत्रिले शिकागोमा भारतीय समुदायका सदस्यहरूसँग भेटघाट गर्नुका साथै स्टार्टअप सहकार्यका सम्भावनाबारे छलफल गर्नु हुनेछ। एशभिलमा उहाँले G-20 वित्तमन्त्री तथा केन्द्रीय बैंकका गभर्नरहरूको बैठकमा भारतीय प्रतिनिधिमण्डलको नेतृत्व गर्नु हुनेछ । बैठकमा विश्वव्यापी वित्तीय स्थिरता तथा आर्थिक विकासका चुनौतीहरूबारे छलफल हुनेछ।

## भारत–चीन वार्ता

भारत र चीनले **सीमा क्षेत्रमा शान्ति र स्थिरता कायम राख्नुको महत्व**मा जोड दिएका छन्। दुवै देशले यसबाट द्विपक्षीय सम्बन्धको विकास र प्रगतिलाई बढावा पुग्ने बताएका छन्। राष्ट्रिय सुरक्षा सल्लाहकार **अजित डोभाल** र चीनका विदेशमन्त्री **वाङ यी**ले हिजो बेइजिङमा भारत–चीन सीमा विषयमा **विशेष प्रतिनिधिहरूको 25 औँ चरणको वार्ताको सह-अध्यक्षता** गर्नु भयो। विदेश मन्त्रालयका अनुसार दुवै देशबीच सीमा विवादका विषयमा विस्तृत छलफल भयो। साथै, सीमा समस्याको **राजनीतिक समाधानका लागि प्रयास जारी राख्ने** सहमति भएको छ। दुवै देशले **२०२४ को अक्टोबरमा कजान** र गत वर्ष **अगस्टमा तियानजिनमा** भएको सहमतिलाई कार्यान्वयन गर्ने दिशामा भएको प्रगतिप्रति सन्तुष्टि व्यक्त गरे। दुवै पक्षले **कैलाश मानसरोवर यात्रा** तथा निर्धारित तीनवटा सीमा व्यापार मार्गबाट हुने सीमा व्यापार लगायत **जनस्तरको सम्पर्क विस्तार**को स्वागत गरेका छन्। राष्ट्रिय सुरक्षा सल्लाहकार अजित डोभालले चीनको **दुईदिने भ्रमणका क्रममा उपराष्ट्रपति हान झेङसँग पनि भेटवार्ता** गर्नु भएको थियो ।

## स्वास्थ्य मन्त्रालय – इन्फ्लुएन्जा

सरकारले अखिल भारतीय निगरानी नेटवर्क मार्फत देशमा फैलिरहेका मौसमी श्वासप्रश्वास सम्बन्धी बिरामीहरुको रुझान माथि कडा निगरानी राखिरहेको छ।

नयाँ दिल्लीमा मीडियालाई सम्बोधन गर्दै स्वास्थ्य अनुसन्धान विभागका सचिव तथा भारतीय चिकित्सा अनुसन्धान परिषद् (ICMR) का महानिर्देशक डा. राजीव बहलले देशमा अहिले फैलिरहेको इन्फ्लुएन्जा भाइरस विगत केही वर्षमा देखिएको मौसमी प्रवृत्तिअनुरूप नै रहेको बताउनु भयो । उहाँले हालसम्मको अवलोकनले कुनै नयाँ इन्फ्लुएन्जा जोखिम उत्पन्न भएको संकेत नगरेको पनि स्पष्ट पर्नु भयो । श्री बहल अनुसार अहिलेको अवस्था सामान्य मौसमी इन्फ्लुएन्जा जस्तै रहेको छ।

## सर्वोच्च न्यायालय – ओबीसी

सर्वोच्च न्यायालयले केन्द्र सरकारको याचिकामाथि सुनुवाइका लागि विशेष इजलास गठन गर्ने विषयमा विचार गर्न सहमति दिएको छ जसमा केन्द्र सरकारको सिभिल सेवा परीक्षा 2025 को अन्य पिछाडीएका वर्ग (ओबीसी) क्रिमी लेयर सम्बन्धी उम्मेदवारका विषयमा सर्वोच्च अदालतको 11 मार्चको फैसलाबारे स्पष्टीकरण मागेको छ।

कार्मिक तथा प्रशिक्षण विभागले संघ लोक सेवा आयोग द्वारा सिफारिस गरिएका 958 उम्मेदवारको सेवा आवंटन प्रक्रिया अघि बढाउन अनुमति दिन सरकारसँग अनुरोध गरेको छ। विभागले सेवा आवंटन 11 मार्चको फैसलाभन्दा अघि लागू रहेको ओबीसी

क्रिमी लेयर मापदण्डका आधारमा गर्न चाहेको छ। केन्द्र सरकारका तर्फबाट सोलिसिटर जनरल तुषार मेहताले प्रधान न्यायाधीश सूर्यकान्तको अध्यक्षतामा रहेको इजलास समक्ष यो विषय प्रस्तुत गर्नु भएको थियो। वास्तवमा, 11 मार्चको फैसलामा सर्वोच्च अदालतले ओबीसी क्रिमी लेयर निर्धारण गर्दा अभिभावकको जागिरको श्रेणी र निर्धारित आय वा सम्पत्ति मापदण्ड दुवैलाई विचार गर्नुपर्ने बताएको थियो। केवल तलब वा आयलाई मात्र आधार बनाउन नमिल्ने अदालतले स्पष्ट गरेको थियो।

**भारत–मोरक्को**

भारत र मोरक्कोले सन् २०३० सम्म द्विपक्षीय व्यापारलाई दोब्बर बनाउने, लगानी बढाउने र औद्योगिक सहकार्यलाई प्रवर्द्धन गर्ने महत्वाकांक्षी लक्ष्य तय गरेका छन्। विदेश मन्त्रालयले यो कदमलाई भारत र मोरक्कोबीचको साझेदारीलाई अझ बलियो र गतिशील बनाउने दिशामा महत्वपूर्ण प्रयासका रूपमा लिएको छ। केन्द्रीय वाणिज्य तथा उद्योग राज्यमन्त्री जितिन प्रसाद र मोरक्कोका उद्योग तथा व्यापार मन्त्रालयमा विदेश व्यापार प्रभारी राज्यमन्त्री उमर हेजिराले सातौँ भारत–मोरक्को संयुक्त आयोगको बैठकको सह-अध्यक्षता गरेका थिए।

**NTA - मस्यौदा प्रतिवेदन**

राष्ट्रिय परीक्षण एजेन्सीको सुधार सम्बन्धी संसदीय समितिले सर्वसम्मतिले मस्यौदा प्रतिवेदनलाई अनुमोदन गरेको छ। समितिले एजेन्सीलाई वैधानिक दर्जा प्रदान गर्ने लगायत सुधार र सुदृढीकरणका लागि सिफारिसहरूमा सहमति जनाएको छ। यो कांग्रेस सांसद मुकुल वासनिकको अध्यक्षतामा भएको समितिको छैटौं बैठक हो। यसमा ३८२ औं प्रतिवेदन मस्यौदा माथि छलफल र अनुमोदन गरिएको थियो। यसअघि, समितिको अध्यक्षता कांग्रेस सांसद दिग्विजय सिंहले गरेका थिए, जसले प्रतिवेदनमाथि दुई बैठकको अध्यक्षता गरेका थिए।

**नौसेना – गोताखोरी सहायता पोत**

भारतीय नौसेनाले **31 अगस्टमा मुम्बईस्थित नेभल डकयार्डमा 'निपुण'लाई नौसेनामा समावेश गर्नेछ।** निपुण 'निस्तार' श्रेणीको दोस्रो **गोताखोरी सहायता पोत** हो। यस जहाजलाई नौसेनामा समावेश गरेपछि **गहिरो समुद्रमा गोताखोरी तथा पानीमुनि सहायता प्रदान गर्ने क्षमता** अझ बढ्नेछ। समुद्रमा चुनौतीपूर्ण परिस्थितिमा गोताखोरहरूको अभियानमा सहयोग गर्नुका साथै यसले **पनडुब्बी उद्धार अभियानमा पनि सहायता** गर्नेछ। 'निपुण' स्वदेशी **डिजाइन तथा निर्मित** गरिएको हो जसलाई विशाखापट्टन मस्थित **हिन्दुस्तान शिपयार्ड लिमिटेड**ले निर्माण गरेको हो। जहाजमा **आधुनिक डाइभिङ प्रणाली, नेभिगेसन प्रणाली तथा चिकित्सकीय सहायता** लगायतका अत्याधुनिक सुविधाहरू उपलब्ध रहेका छन्।